# तिलोत्तमा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मिति २०८२ साल मंसिर २४ गते तिलोत्तमा नगरपालिकाका नगर प्रमुख श्री रामकृष्ण खाणज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसारका निर्णयहरु गरियो ।

| क्र.स. | पद/दर्जा | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर कार्यपालिका अध्यक्ष | नगर-प्रमुख, श्री रामकृष्ण खाण | |
| २. | नगर कार्यपालिका सदस्य | उप-प्रमुख, श्री जगेश्वर देवी चौधरी | |
| ३. | नगर कार्यपालिका सदस्य | श्री फर्शुराम गिरी | |
| ४. | नगर कार्यपालिका सदस्य | श्री डिल बहादुर भट्टराई | |
| ५. | नगर कार्यपालिका सदस्य | श्री कल्याण प्रसाद पौडेल | |
| ६. | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर क्षेत्री | |
| ७. | नगर कार्यपालिका सदस्य | श्री रमेश डुम्रे | |
| ८. | नगर कार्यपालिका सदस्य | श्री गणेश पाठक | |
| ९. | नगर कार्यपालिका सदस्य | श्री देवी प्रसाद पंगेनी | |
| १०. | नगर कार्यपालिका सदस्य | श्री कृष्ण प्रसाद पौडेल | |
| ११. | नगर कार्यपालिका सदस्य | श्री ध्रुव न्यौपाने | |
| १२. | नगर कार्यपालिका सदस्य | श्री गोपाल प्रसाद घिमिरे | |
| १३. | नगर कार्यपालिका सदस्य | श्री विष्णु बहादुर बराल क्षेत्री | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री सहदेव थारु | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री नारायण ढकाल | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री अश्विन पौडेल | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री खेमराज गुरुङ्ग | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री झविलाल भुसाल | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री दान बहादुर चौधरी | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री सुरेन्द्र श्री | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री राधा शाही | |
| २२. | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मी घिले | |
| २३. | नगर कार्यपालिका सदस्य | श्री रवि सेन्चुरी | |
| २४. | नगर कार्यपालिका सदस्य | श्री नर बहादुर छन्तेल | |
| २५. | नगर कार्यपालिका सदस्य | श्री तारा सुनार | |
| २६. | नगर कार्यपालिका सदस्य | श्री सावित्रा पन्थी आचार्य | |
| २७. | नगर कार्यपालिका सदस्य | श्री देवकी चौधरी | |
| २८. | सचिव | श्री खुमलाल भुसाल | |

तिलोत्तमा नगरपालिका

कार्यपालिका बैठक सङ्ख्याः ५/२०८२/८३ ([illegible]) मितिः २०८२/०८/२४ गते ।

<u>बैठकका कार्यसूचीहरूः</u>

१. सुलभ फार्मेसी संचालनको लागि कार्य क्षेत्रगत शर्त र प्रस्ताव सम्बन्धी कागजात स्वीकृति सम्बन्धमा ।

२. बेवरा-कान्छीबजार सडक परियोजनाको दोस्रो प्याकेजको म्याद थप सम्वन्धमा ।

३. मंगलापुर-वेवरा-कान्छिबजार सडक पेटीमा वृक्षारोपण सम्बन्धमा ।

४. नगरपालिकाको कार्यालय अन्तरगतका सबै स्वास्थ्य संस्थामा विद्युतीय् स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली (EHMIS) लागु गर्ने सम्बन्धमा ।

५. आनन्दवन स्वास्थ्य चौकीलाई आनन्दवन आधारभूत अस्पतालको रुपमा नामाकरण गर्ने सम्बन्धमा ।

६. लैङ्गिक हिंसा प्रभावितहरुका लागि सुरक्षित स्थान (Safe Space) छनौट सम्बन्धमा ।

७. नयाँ भवन तथा संरचनाको छज्जा (CANTILEVER) सेटब्याकमा परेको सम्बन्धमा ।

८. योजना कार्यान्वयन सम्बन्धमा ।

९. विविध ।

रामकृष्ण खाण
नगर प्रमुख

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**

तिलोत्तमा नगरपालिकाको सुलभ फार्मेसी सञ्चालन सम्बन्धी निर्देशिका, २०८२ को दफा १८ को उपदफा (२) को प्रयोजनको लागि सुलभ फार्मेसी सञ्चालन गर्ने फर्म/कम्पनी वा संस्था छनौट गर्नका लागि कार्यालयबाट तयार भई पेस भएको प्रस्ताव सम्बन्धी कागजात र कार्यक्षेत्रगत सर्त स्वीकृत गर्ने ।

**निर्णय नं. २**

विश्व बैंकको अनुदान सहयोगमा निर्माणाधीन मङ्गलापुर-बेबरा सडक आयोजना (ठेक्का नं. NP-DUDBC-273140-CW-RFB) कार्यान्वयनको लागि 8 July, 2022 मा श्री शर्मा सगुन जे.भि. र तिलोत्तमा नगरपालिकाबिच खरिद सम्झौता भएकोमा उक्त परियोजनाको लागि दोस्रो पटक थपिएको खरिद सम्झौताको म्याद 12 December, 2025 मा समाप्त भएको । निर्माण व्यवसायीबाट बेमौसमी वर्षाद तथा स्थानीय स्तरमा उत्पन्न विवाद आदिका कारण जनाई तेस्रो पटकको लागि प्राप्त म्याद थपको निवेदन उपर डिजाइन तथा सुपरभिजन कन्सल्टयान्टद्वारा गरिएको सिफारिस तथा NUGIP र PCO बाट प्राप्त सहमति समेतका आधारमा पूर्वाधार विकास शाखाबाट पेस भए बमोजिम खरिद सम्झौताको म्याद २०८२ पौष १६ गतेसम्म थप गर्ने ।

**निर्णय नं. ३**

विश्व बैंकको अनुदान सहयोगमा निर्माणाधीन बेबरा-कान्छीबजार सडक आयोजना (ठेक्का नं. NP-DUDBC-39527-CW-RFB) कार्यान्वयनको लागि 14 April, 2024 मा श्री आशिष आशिर्बाद जे.भि. र तिलोत्तमा नगरपालिकाबिच खरिद सम्झौता भएकोमा उक्त परियोजनाको लागि पहिलो पटक थपिएको खरिद सम्झौताको म्याद 06 November, 2025 मा समाप्त भएको । निर्माण व्यवसायीबाट दोश्रो पटकको लागि प्राप्त म्याद थपको निवेदन उपर डिजाइन तथा सुपरभिजन कन्सल्टयान्टद्वारा गरिएको सिफारिस तथा NUGIP र PCO बाट प्राप्त सहमति समेतका आधारमा पूर्वाधार विकास शाखाबाट पेस भए बमोजिम खरिद सम्झौताको म्याद २०८२ पौष १६ गतेसम्म थप गर्ने ।

खुमलाल गुसाल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

**निर्णय नं. ४**

बिश्व बैंकको अनुदान सहयोगमा निर्माणाधीन मंगलापुर-कान्छीबजार सडक आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) अनुसार सडक पेटीमा वृक्षारोपण गर्दा पैदल यात्रुलाई आवागमनमा अवरोध हुने, सडक दुर्घटनाको जोखिम बढ्ने तथा अपाङ्गमैत्री समेत नहुने भनी वडा कार्यालयबाट लेखी आएको हुँदा खरिद सम्झौता अनुसारको वृक्षारोपणको कार्य फुटपाथमा अवरोध नहुने गरी सडक पेटी बाहिर उपयुक्त स्थानमा गर्ने । साथै मंगलापुर-बेबरा सडक खण्डमा खरिद सम्झौता अनुसार अपाङ्गमैत्री सडक पेटी निर्माणको लागि टेक टायल प्रयोग गर्ने डिजाईन हुनुपर्नेमा त्रुटीवस छुट भएको पाइएको हुँदा टेक टायलको प्रयोग गरी अपाङ्गमैत्री सडक पेटी निर्माणको लागि सम्बन्धित सुपरभिजन कन्सल्टयान्ट र निर्माण व्यवसायीलाई निर्देशन दिने।

**निर्णय नं. ५**

तिलोत्तमा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय मातहतका सम्पूर्ण स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र र सहरी स्वास्थ्य केन्द्रमा विद्युतीय् स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली (EHMIS) लागु गर्ने र सोको लागि आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत १७ वटै स्वास्थ्य संस्थामा EHMIS कार्यक्रम शुरूवात शीर्षकमा विनियोजित बजेटबाट सफ्टवेयर खरिदको प्रक्रिया अगाडि बढाउने ।

**निर्णय नं. ६**

तिलोत्तमा नगरपालिका वडा नं. ६, आनन्दवनस्थित हाल निर्माणाधीन १५ शैयाको अस्पतालको नाम **आनन्दवन आधारभूत अस्पताल** कायम गर्ने र उक्त अस्पतालको लागि आवश्यक पर्ने जग्गाको न्यूनतम मापदण्ड पुरा हुने गरी स्थानीय जग्गांदाताहरूबाट अस्पतालको नाममा जग्गा प्राप्त गर्न नियमानुसार तिर्नु पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क र पुंजीगत लाभकर बापतको रकम उपयुक्त खर्च शीर्षकबाट नगरपालिकाले तिर्ने ।

**निर्णय नं. ७**

तिलोत्तमा नगरपालिका वडा नं. १० बेबरीस्थित प्रगतिशील महिला विकास वहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको नाममा रहेको भवनको भूईतलामा रहेको एउटा कोठालाई लैङ्गिक हिंसा पिडित र प्रभावितहरूको उद्धार, हेरचाह र पुनर्स्थापनाको लागि सुरक्षित स्थान (Safe Space) को रुपमा उपयोग गर्ने ।

रामकृष्ण खाण
नगर प्रमुख

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ८**

मिति २०८१ साल असार मसान्त सम्म दर्ता भई निर्माण सम्पन्न भवनहरुको हकमा जग्गाको प्रकृति हेरी बाटोको सेटब्याकमा Cantilever परेको र अन्य मापदण्ड ठिक रहेको अवस्थामा Cantilever परेको भागको प्रति वर्गफुट रू. ५००/- का दरले जरिवाना लगाई घर निर्माण सम्पन्न प्रमाणपत्र उपलब्ध गराउने प्रक्रिया अगाडि बढाउने ।

**निर्णय नं. ९**

तिलोत्तमा नगरपालिकाको आर्थिक वर्ष २०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रममा परेका वडा कार्यालय, स्वास्थ्य केन्द्र, विद्यालय तथा सामाजिक वा सामुदायिक उपयोगका संस्थाको लागि भवन संरचना निर्माणसँग सम्बन्धित देहाय बमोजिमका योजनाहरू नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बाट स्थानीय तहलाई प्रदत्त एकल अधिकारको कार्यान्वयन र नागरिकलाई प्रदान गरिने अत्यावश्यक र आधारभूत सेवासँग सम्बन्धित भएको तथा योजना कार्यान्वयन गर्दा सार्वजनिक जग्गाको संरक्षण समेत हुने देखिएकोले उक्त भवन संरचनाहरू नेपाल सरकारको नाममा जग्गाधनी दर्ता स्रेस्ता कायम रहेको देहायको जग्गामा निर्माण गर्ने ।

<u>देहायः</u>

| सि.नं. | स्वीकृत योजनाको नाम | विनियोजित बजेट (रू. लाखमा) | जग्गाको स्वामित्व रहेको निकाय | कित्ता नं. | कुल क्षेत्रफल (बिघा) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ७ नं. वडा कार्यालयको भवन निर्माण | ५०,००,०००/- | नेपाल सरकार | १०२ | ०-४-३ | साबिक करहीया ५ |
| २. | स्वास्थ्य चौकी वडा नं. ३ | २७,००,०००/- | नेपाल सरकार | १२४२ | ०-३-६ | साबिक आनन्दवन ३झ |
| ३. | स्वास्थ्य चौकी वडा नं. १६ | २७,००,०००/- | नेपाल सरकार | १०१९, ७२२ | ०-२-६ | साबिक मधबलिया ५क |
| ४. | श्रृङ्गेश्वर धाम वडा नं.४ | ८५,००,०००/- | नेपाल सरकार | १२४१ | ०-१७-२ | साबिक आंनन्दवन ३झ |
| ५. | गौतम बुद्ध मा.वि., तिनपा-९ | ५५,००,०००/- | नेपाल सरकार | २८६ | १-११-२ | साबिक करहीया १क |
| ६. | बालकल्याण आ.वि., ति.न.पा.,-१७ | ५५,००,०००/- | नेपाल सरकार | १०८, १११, ११८ | ०-८-१८ | साबिक गंगोलीया १ख |
| ७. | कभर्ड हल निर्माण ति.न.पा.,-७ | २०,००,०००/- | नेपाल सरकार | २०२ | ०-४-० | साबिक करहीया ३ख |

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

**निर्णय नं. १०**

तिलोत्तमा नगरपालिकाको आर्थिक वर्ष २०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रममा परेका भवन संरचना निर्माणसँग सम्बन्धित निर्णय नं. ९ मा उल्लेख भए बाहेकका अन्य योजनाहरू नगरपालिका वा योजनासँग सम्बन्धित संघ/संस्थाको नाममा निर्माणस्थलको भोगाधिकार प्राप्त भएपछि कार्यान्वयन प्रक्रिया अगाडि बढाउने ।

**निर्णय नं. ११**

तिलोत्तमा नगरपालिका वडा नं. १३ मा कार्यरत सहायक पाँचौ तहका कर्मचारी श्री शिव प्रसाद उपाध्यायबाट स्थानीय तह संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) मार्फत १३ नं. वडामा असूल भएको राजस्वलाई बैंक दाखिला गर्ने क्रममा भुलवस एउटै रकम रू. ८५,१७४/३९ मिति २०८२/०३/३० गते र २०८२/०६/३१ गते गरि दुई पटक दाखिला हुन गएको । यस सम्बन्धमा संघीय सरकारबाट जारी भएको स्थानीय तह राजस्व व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका, २०८१ को दफा २७ बमोजिम भुलवस बढी दखिला हुन गएको रू. ८५,१७४/३९ निज शिव प्रसाद उपाध्यायलाई आर्थिक वर्ष २०८२/८३ को स्वीकृत नगर विकास योजनाको खर्च शीर्षक २८२१९, अन्य फिर्ता शीर्षकबाट फिर्ता दिने ।

**निर्णय नं. १२**

तिलोत्तमा नगरपालिकाको नगर सभाको १७ औं अधिवेशनबाट स्वीकृत योजना तथा कार्यक्रमहरूमा देहाय बमोजिम संशोधन गरी कार्यान्वयन गर्न वडा कार्यालयबाट लेखी आएको विषयमा छलफल हुँदा वडा कार्यालयबाट लेखी आए बमोजिम संशोधन गर्ने र प्रस्तुत निर्णय अनुमोदनमा लागि नगर सभाको आगामी अधिवेशनमा पेस गर्ने ।

**देहायः**

| सि. नं. | वडा नं. | साविकको योजनाको नाम | विनियोजित रकम रू. | संशोधन पछि कायम हुने योजनाको नाम | रकम रू. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ४ | वडा कार्यालय परिसर बगैचा निर्माण १२०४/४८ वडास्तर | ५,००,०००/- | वडा कार्यालय भवनमा ट्रस लगायतका निर्माण कार्य | ५,००,०००/- | |
| २ | ३ | लक्ष्मी प्रसाद पथ निर्माण र शिव पथ निर्माण | ८,५०,०००/- | लक्ष्मी प्रसाद पथ पुरानो कालोपत्रे सडक मर्मत | ३,५५,०००/- | |
| | | | | लक्ष्मी प्रसाद पथ शाखाबाट शिव पचाङ्ग मन्दिर नया सडक निर्माण | ४,९५,०००/- | |

खगलाल गुसाल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

| सि. नं. | वडा नं. | साविकको योजनाको नाम | विनियोजित रकम रू. | संशोधन पछि कायम हुने योजनाको नाम | रकम रू. | कैफियत |
|---|---|---|---|---|---|---|
| ३ | ३ | सम्पन्न पथ र रेसुङ्गा पथ सडक स्तरोन्नति | ६,५०,०००/- | सम्पन्न पथ ढलाई (पि.सि.सि.) | ४,८०,०००/- | |
| | | | | रेसुङ्गा पथ सडक स्तरोन्नति | १,७०,०००/- | |
| ४ | ३ | गणेश पथ, एकता पथ, प्रेम मिलन पथ सडक स्तरोन्नति | ७,००,०००/- | गणेश पथ सडक स्तरोन्नति | २,५०,०००/- | |
| | | | | एकता पथमा इन्टरलक लगाउने | ३,५०,०००/- | |
| | | | | प्रेम मिलन पथ नाली निर्माण | १,००,०००/- | |
| ५ | ३ | मित्रलाल पथ कालोपत्रे र राधा शालीक पथ सडक स्तरोन्नति | ७,००,०००/- | मित्रलाल पथ कालोपत्रे | ५,००,०००/- | |
| | | | | राधा शालीक पथ सडक स्तरोन्नति | २,००,०००/- | |
| ६ | ३ | मिलन पथ, शिव पथ सडक स्तरोन्नति र नमुना पथमा नाला निर्माण | ६,००,०००/- | मिलन पथ सडक स्तरोन्नति | ३,००,०००/- | |
| | | | | शिव पथ सडक स्तरोन्नति | २,००,०००/- | |
| | | | | नमुना पथमा नाली निर्माण | १,००,०००/- | |
| ७ | नगर स्तर | करहियां सामुदायिक वनमा बोटानिकल गार्डेन निर्माण | ८,००,०००/- | करहिया सामुदायिक वन सिद्धार्थ पिस पार्क पथ निर्माण | ८,००,०००/- | |

**निर्णय नं. १३**

तिलोत्तमा नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को गौरवको आयोजनाको रुपमा स्वीकृत तिलोत्तमा नगरपालिका वडा नं. ६ मा अवस्थित बहुवर्षीय आयोजना कुञ्जपार्क म्युजिकल वाटर फाउन्टेनको निर्माण आयोजनाको खरिद सम्झौताको म्याद मिति २०८२/०८/३० गतेसम्म रहेकोमा निर्माण व्यवसायी शाब्दिक इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. काठमाडौंबाट इलेक्ट्रोनिक्स र प्लम्बिङ्ग सम्बन्धी सामग्री वाहिरी मूलुकवाट आयात गर्नुपरेको र उक्त सामाग्री समयमा आयात हुन नसकेकोले तोकिएको समयावधिमा कार्यसम्पन्न हुन नसकेको भनी म्याद थपका लागि माग भै आएकोमा पूर्वाधार विकास शाखावाट प्राप्त सिफारिस बमोजिम मिति २०८२/१२/३० गते सम्मका लागि खरिद सम्झौताको म्याद थप गर्ने ।

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

**निर्णय नं. १४**

25th August 2022 मा सम्झौता भएको मंगलापुर-कान्छीबजार सडक स्तरोन्नति आयोजनाको Supervision को जिम्मा पाएको श्री B.N. Consultancy J.V with Plush Engineers बाट प्राप्त निवेदन अनुसार मंगलापुर-बेबरा तथा बेबरा-कान्छीबजार सडक गरी फरक फरक दुई ठेक्काको सुपरभिजन गर्ने जिम्मा पाएको डिजाइन तथा सुपरभिजन कन्सल्टयान्ट श्री B.N. Consultancy J.V. with Plush Engineers and Architectures को ठेक्का सम्झौताको म्याद 25 Aug. 2025 मा समाप्त हुने भएतापनि सम्बन्धित दुबै ठेक्काको ठेक्का म्याद थप भई अन्तिम म्याद मिति २०८२/०९/१६ गतेसम्म कायम भएको अवस्थामा कन्सल्टयान्ट बिनाको निर्माण कार्य विश्व बैंकलाई स्वीकार्य नहुने हुँदा कन्सल्टयान्टको म्याद स्वतः थप गर्नुपर्ने भएकोले सम्पन्न भएको निर्माण कार्य समेतको गुणस्तर परीक्षण तथा अन्य आवश्यक कागजात सहित अन्तिम मूल्याङ्कन प्रतिवेदन तयार गरी पेस गर्न थप १ महिनाको समय आवश्यक पर्ने भनी सोही बमोजिमको VO तथा EoT स्वीकृतिको लागि कन्सल्टयान्टद्वारा 7th Nov., 2025 मा निवेदन पेस गरेको हुँदा सोको स्वीकृतिको लागि NUGIP, PCO तथा PMST मा यस नगरपालिकाबाट राय तथा सहमति माग गरिएको र NUGIP, PCO तथा PMST बाट प्राप्त राय तथा सहमति अनुसार VO-2 पश्चात्को संशोधित सम्झौता रकम रु. ४,२०,३३,४५७.५/- हुने गरी यस अघि स्वीकृत सुरु सम्झौता रकम रु. ३,३६,३५,५८०/- मा २४.५७ प्रतिशतले वृद्धि हुने गरी संलग्न विवरण अनुसारको विज्ञहरुको input रहने गरी मिति २०८२/९/२८ गतेसम्मको लागि म्याद थप गरी VO-2 स्वीकृत गर्ने ।

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख